देवदह नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

देवदह-४,रुपन्देही

**५नं प्रदेश,नेपाल**

## शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकासित मिति २०७६/०५/१०

यस देवदह नगरपालिका कार्यालयको चालु आ.व.०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराउनु पर्ने भएकाले उक्त कार्य गर्न इच्छुक परामर्शदाताबाट रितपूर्वकको छुट्टाछुट्टै शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले २०७६।०५।२४ गते भित्र अध्यावधिक नविकरण गरेको फर्म दर्ताको इजाजत पत्र, मू.अ.क.मा दर्ता भएको प्रमाण पत्र र आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गरि यस कार्यालयको योजना शाखाबाट फिर्ता नहुने गरि रु.१,०००।- मात्र बुझाई आव्हान पत्र प्राप्त गर्न सकिनेछ ।

२. यस कार्यालयबाट प्राप्त प्रस्ताव आव्हान पत्र प्रथम पटक प्रकाशित मितिले २०७६।०५।२५ गते दिनको १२ बजे सम्म प्राविधिक तथा आर्थिक प्रस्ताव बेग्लाबेग्लै खाममा शिलबन्दी गरी पुन: दुवै प्रस्तावहरु एउटै खाममा शिलबन्दी गरी परामर्शदाताको नाम, ठेक्का नं., कामको विवरण र ठेगाना स्पष्ट उल्लेख गरी फर्मको छांप लगाई शिलबन्दी लाहा छांप गरी यस कार्यालयमा दर्ता गराउन सकिने छ । यसरी दर्ता हुन आएका प्रविधिक प्रस्तावहरु सोही दिनको २.०० बजे प्रस्तावकहरुको प्रतिनिधि तथा यस कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलीनेछ । प्रस्तावकको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. प्राविधिक प्रस्तावहरुको मूल्यांकनको आधारमा छनौट भएका परामर्शदाताहरुको आर्थिक प्रस्तावहरु मात्र प्रस्तावदाता र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रस्तावकको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन

४. प्राविधिक प्रस्तावमा अध्ययन टोलीमा संलग्न हुने सबै जनशक्ति सहितको व्यक्तिगत विवरण र परामर्शदाताबाट दस्तखत गरि प्रमाणित भई समावेश गर्नु पर्नेछ ।

५. आर्थिक प्रस्तावहरुमा दररेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखेको दररेटलाई मान्यता दिईनेछ ।

६. रीत नपुगी वा म्याद नाघि आएको र शर्त सहितको प्रस्तावलाई मान्यता दिइने छैन ।

७. यो सूचनामा उल्लेख नभएको कुराको हकमा RFP Document, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४, वातावरण संरक्षण ऐन २०५३ तथा नियावली २०५४ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

८. थप जानकारीको लागि नगरपालिकाको पुर्वाधार शाखामा सम्पर्क गर्नुहोला ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | देवदह कार्यालयबाट उपलब्ध गराइने कागजात |
|---|---|---|---|
| १ | MUN-IEE-01-076-077 | नगरपालिका क्षेत्रभित्र बग्ने विभिन्न खोला/नदि अन्तर्गतका विभिन्न घाटहरुको IEE गर्ने कार्य | RFP Document |

प्रमुख प्रशासकिय अधिकृत